Total No. of Printed Pages—8

**X/21/N**

**2 0 2 1**

# NEPALI

( INDIAN LANGUAGE)

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80

*Pass Marks* : 24

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100

*Pass Marks* : 30

*Time* : 3 hours

**( FOR ALL CATEGORIES OF CANDIDATES )**

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

**1.** कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) विश्वलाई हँसाउने अनौठो व्यक्तिको नाम के हो? तिनले कसरी हँसाउँथे? तिनको जन्म कहिले अनि कहाँ भएको थियो? तिनको पहिरन कस्तो थियो?

(ख) डा० पारसमणि प्रधानलाई किन व्याकरणाचार्य भन्न सकिन्छ? उनले लेखेका कृतिहरूका नाम लेख।

(ग) 'शिक्षाको उद्देश्य' निबन्धमा निबन्धकारले सच्चा शिक्षित व्यक्तिहरू शारीरिक काममा पछि सर्दैनन् भनेका छन्। यसो भन्नुको कारण के हो? पुस्तकको आधारमा पुष्टि गर।

(घ) विदेशबाट आएको बासी स्याउभन्दा आफ्नो बगैचामा फलेका ताजा नास्पाती के मीठा हुँदैनन् र? यस भनाइलाई तथ्यपूर्ण ढङ्गले व्याख्या गर।

**2.** दुई वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) शिक्षाको मुख्य मार्गहरू के-के हुन्?

(ख) चार्लीले कुन नाटक कम्पनीमा काम गर्थे? त्यो नाटक कम्पनी कहाँ थियो?

(ग) डाक्टर र इञ्जिनीयर-मा के-के कुराको भिन्नता छ?

(घ) नसुल्झेको इच्छाभन्दा के बुझिन्छ? कुन कथामा यो प्रश्नको प्रसंग पाइन्छ?

(ङ) राष्ट्रभाषा र मातृभाषा-मा के अन्तर छ?

**3.** **एक** शब्दमा वा वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) 'अल्झेको इच्छा'भन्दा के बुझिन्छ?

(ख) शिक्षा के हो?

(ग) पारसमणि प्रधान पेशाले के हुनुहुन्थ्यो?

(घ) 'चिठी' पाठ कसले लेखेका हुन्?

(ङ) 'चार्ली च्यापलीन : एक असाधारण व्यक्तित्व' पाठ कसले लेखेका हुन्?

(च) शिक्षित व्यक्ति कस्ता हुन्छन्?

(छ) पारसमणि प्रधानका कविताहरू केमा लिपिएका हुन्छन्?

**4.** सप्रसंग व्याख्या गर : 5×2=10

(क) ''यस्तो पत्रिकाको हामीलाई खाँचो छैन् यसले भाषाको अधोगति पार्छ।''

**अथवा**

''अरूलाई दोष लाउनुभन्दा रचनात्मक कार्यतिर आफू लाग्नु नै बुद्धिमानी र प्रगति भन्नुपर्छ।''

(ख) ''यस्तै रीतले सन्ध्या आउला अन्धकार क्षण सर्वत्र छाउला स्वीट फल्स
आफ्नै धूनमा रहला जीवन गीत त्यो आफ्नै गाउला।''

**अथवा**

''हामी बसौं पर्वत भीर वा वन
गुराँश झैं पाउन पर्छ फक्रन।''

**5.** सारांश लेख (कुनै **एक**) : 5

(क) लक्ष्मीप्रसाद देवकोटारचित—'गरीब'

(ख) गोपीनारायण प्रधानरचित—'स्वीट फल्स'

(ग) कृष्णप्रसाद ज्ञवालीरचित—'अधिकार र कर्तव्य'

**6.** **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) 'अधिकार र कर्तव्य' कविता-अनुसार के जाग्दा के तर्केर किनार लाग्छ?

(ख) भानुभक्तले लेखेको 'रामायण'लाई त्यतिबेला कसैले किन ध्यान दिएन?

(ग) गरीबको घर कहाँ छ? उसको घर छेउछाउको दृश्य कस्तो छ?

(घ) 'स्वीट फल्स' कतिबेला बढ्ने र घट्ने गर्छ?

**7.** **एक** शब्द वा वाक्यमा उत्तर देऊ (कुनै **चार**) : 1×4=4

(क) गरीबलाई के मीठो र के रसिलो लाग्छ?

(ख) भानुभक्तले 'रामायण' कहाँ बसेर लेखे?

(ग) 'स्वीट फल्स' कहाँ छ?

(घ) अपराध कसरी भाग्छ?

(ङ) गरीब थाकेपछि विश्राम गर्न कहाँ बस्छ?

(च) 'रामायण' ग्रन्थ लेख्ने भानुभक्त आर्चायको घर कहाँ थियो?

**8.** तलका उखानका अर्थ लेख (कुनै **तीन**) : 1+1+1=3

(क) नाच्न जान्दैन आँगन टेढो

(ख) विज्ञान वरदान पनि हो र अभिशाप पनि

(ग) संगत गुणाको फल

(घ) इन्द्रको अगाडि स्वर्गको कुरा

(ङ) खाने मुखलाई जुँघाले छेक्दैन

**9.** छोटो उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) हरिको भनाइ-अनुसार सानी र उसलाई लोकले कुन रूपमा हेरेका छन्?

(ख) हरि कसको छोरो हो?

(ग) रत्नालाई लक्ष्मीपूजाले केको याद गराउँछ?

(घ) रत्नाकी छोरी कुन उपन्यासकी पात्रा हो?

(ङ) सानीले कुन नन्दलाई साह्रै माया गर्थी?

(च) सुबेदारनीको घरमा काम गर्ने मान्छे कहाँ जाने भयो?

(छ) माइतघर छोडेर जाँदा सानीले हरिको के स्पर्श गरेर कोठाबाट निस्की?

**10.** सानी को हो? सानीलाई सुबेदारनीले किन साह्रै माया गर्थिन्? 5

**अथवा**

हरिको चरित्र चित्रण गर।

**11.** निम्नलिखित निर्देश-अनुसार उत्तर लेख :

(क) भाववाचक संज्ञा बनाऊ (कुनै **दुई**) : ½+½=1

बस; गरीब; चोर; मित्र।

(ख) सन्धि गर (कुनै **दुई**) : ½+½=1

पुस्तक + आलय; महा + ईश; निः + रोग; जगत् + नाथ।

(ग) लिङ्ग परिवर्तन गर (कुनै **दुई**) : ½+½=1

गाई; कवि; लामा; बालक।

(घ) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

दूध; धन; दिन; गुलाब।

(ङ) पर्यायवाची शब्द लेख (कुनै **दुई**) : ½+½=1

सूर्य; वायु; ईश्वर; पिता।

(च) वाक्यांशको अर्थ खोल (कुनै **दुई**) : ½+½=1

*(i)* आँखा खोल्नु।

*(ii)* आधा मासु हुनु।

*(iii)* कान दिनु।

*(iv)* करङ चिलाउनु।

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

नेपाली साहित्यका प्रथम रोमान्टिक र प्रकृतिका कवि भानुभक्त हुन्। बालाज्यूमाथि रचित कविताबाट यस कुराको पुष्टि हुन्छ। तर यसमा पनि देशीय रागको ध्वनि स्पष्ट छ। भानुभक्तको अर्को विशेषता हो छन्द प्रयोगको। उनले दोहा, चौपाई, कविता आदिमा छिमेकी देशका छन्दको प्रयोग गरेनन्। बरु संस्कृत छन्दलाई धेरै जसो अतीव माधुर्य भरेर नेपाली बनाए। आफ्ना समकालीन कविहरूमध्ये सबभन्दा राम्रो मौलिकता भानुभक्तमैं थियो। उनी सर्वद्रष्टा भएकाले उनको दृष्टि बडो वैज्ञानिक थियो। गजाधर सोतीकी ब्राह्मणी र अरू विषयमा लेखिएका उनका कविताबाट उनी आशुकवि र प्रथम सामाजिक कवि हुन् भन्ने देखिन्छ। अड्डा–अदालतबारेको व्यङ्ग्यबाट उनको राजनीतिक कविरूप पनि स्पष्ट हुन्छ। उनको ध्येय शिष्ट व्यङ्ग्य हो।

(क) नेपालीका सर्वप्रथम रोमान्टिक र प्रकृतिका कवि को हुन्? 1

(ख) बालाज्यूमाथि रचित कविताले के कुराको पुष्टि गर्छ? 1

(ग) अड्डा–अदालतबारेको आक्षेपबाट के कुरा स्पष्ट हुन्छ? 1

(घ) उनको छन्दप्रयोगको विशेषता कस्तो छ? 1

(ङ) उनको लेखाइको उद्देश्य के हो? 1

**अथवा**

दिल्लीमा बस्ने साथीलाई परीक्षाको महत्त्व बताउँदै एउटा पत्र लेख। (परिचय सम्बोधन र ठेगाना हुनुपर्छ) 5

**13.** कुनै **एक** विषयमा निबन्ध लेख : 8

(क) समयको सदुपयोग

(ख) हाम्रो चाड 'दशैं'

(ग) कुनै एउटा नामी खेलाडीको जीवनी

(घ) कोरोना रोग र यसको प्रतिफल

(ङ) कम्प्यूटरको महत्त्व

**[ For Candidates Without Internal Assessment ]**

( *Marks* : 20 )

**14.** (क) अति संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* हरिले केको फित्कौली बनाएर कसलाई हान्थ्यो?

*(ii)* सू-ध-पा भनेको के हो?

*(iii)* वसन्तराज जोशीद्वारा लिखित पाठको नाउँ के हो?

*(iv)* सानीको पोइ कस्तो थियो?

*(v)* लक्ष्मीपूजाको दिनमा मर्ने मानिस कसको लोग्ने हो?

*(vi)* 'भानुभक्तप्रति' कविताको कवि को हुन्?

*(vii)* सानीको लोग्ने कहाँ काम गर्थ्यो?

(ख) कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर (कुनै **पाँच**) : 1×5=5

*(i)* सानीलाई डाक्टरले जरो नहटेसम्म (रोटी/भात) खानु हुँदैन भनेको थियो।

*(ii)* 'शिक्षाको उद्देश्य' निबन्धका लेखक (चेतनारायण जोशी/बद्रीनाथ भट्टराई) हुन्।

*(iii)* 'अल्झेको इच्छा' पाठमा बाबाले छोरालाई (डाक्टर/इन्जीनियर) बनाउन चाहान्थे।

*(iv)* डा॰ पारसमणि प्रधानको प्राथमिक शिक्षा (तादङ/पुदुङ) प्राथमिक पाठशालाबाट शुरू भएको हो।

*(v)* 'समीरको खेल खुला वरीपरी'—यहाँ समीरको अर्थ (वायु/आकाश) हो।

*(vi)* 'माइतघर' दार्जीलिङको राजवाडी (शहर/गाउँमा) छ।

*(vii)* कर्तव्यले (अधिकार/अपराध) ल्याउँछ।

**15.** (क) संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* लक्ष्मीपूजाको दिन सानी कोसँग बत्ती हेर्न शहर गएकी?

*(ii)* बद्रीनाथ भट्टराईले कसलाई चिठी लेखेका छन्?

*(iii)* दशैंमा माइतघर आउँदा सानीले कसलाई लिएर आई?

*(iv)* 'स्वीट फल्स' कति बेला बढ्ने गर्छ?

*(v)* कति वर्षपछि रत्ना र सानी फर्केर सुबेदारका घर आए?

*(vi)* पारसमणि प्रधानको पिताको नाम के हो?

*(vii)* विजयादशमीको दिन सानीले कस्तो रंगको जामा लाएकी थिई?

(ख) खाली ठाँउ भर (कुनै **पाँच**) : 1×5=5

*(i)* 'भानु'को अर्थ _____ हो।

*(ii)* पारसमणि प्रधानको जन्म _____ मा भएको हो।

*(iii)* शिक्षा _____ सभ्यताको देन हो।

*(iv)* चार्लीको जन्म 16 अप्रिल, _____ मा भएको हो।

*(v)* 'आमा'_____ लिंग हो।

*(vi)* 'आकाश' शब्दको उल्टो शब्द _____ हो।

*(vii)* बालकृष्ण समरचित कविता _____ हो।

★★★